बैठक संख्या: ११।२०८२-२०८३
बैठक मिति:२०८२।०७।३० विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८२।०७।३० गते आईतबार विहान ८:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री रामभरोसी रौनियार | का.वा. वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ बास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री वासुदेव माझि | का.वा.वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री तेज नारायण यादव | प्रमुख प्रशासकीय अधिकृत | |



CamScanner

बैठक संख्या: ११।२०८२-२०८३
बैठक मिति:२०८२।०७।३० विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थितिः कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री विरेन्द्र सिग्देल | लेखा अधिकृत | |
| २ | श्री दुर्गेश कुमार विश्वकर्मा | प्रशासन शाखा प्रमुख | |
| ३ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | |
| ४ | | | |
| ५ | | | |

**प्रस्तावहरु.**

१. प्रस्ताव नं. १ः झुम्का बजार व्यवस्थापन सम्वन्धमा।

२. प्रस्ताव नं. २ः शिक्षा वजेट बाँडफाँड सम्वन्धमा।

३. प्रस्ताव नं. ३ः राजस्व सम्वन्धमा।

४. प्रस्ताव नं. ४ः विविध।

**निर्णयहरु**

**निर्णय नं.१**

रामधुनी नगरपालिकाको मुख्य वजार व्यवस्थापन गर्नका लागि मिति २०८२/०७/१७ गते गठन गरिएको ११ सदस्यीय समितिद्वारा पेश भएको प्रतिवेदन उपर छलफल गरि तपसिल बमोजिमको निर्णय गरियो।

तपसिलः

१. बजार व्यवस्थित गर्नका लागि प्राविधिक लागत अनुमान बमोजिम हाट बजार क्षेत्रमा गिट्टी फिलिङ्ग गरि व्यवस्थापन गर्ने निर्णय गरियो।

२.अस्तव्यस्त रहने झुम्का बजार क्षेत्रमा प्राविधिक लागत अनुमान बमोजिम सि सि क्यामेरा जडान गर्ने निर्णय गरियो।



CamScanner

बैठक संख्या: ११।२०८२-२०८३
बैठक मिति:२०८२।०७।३० विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२**

शिक्षा बजेट बाँडफाँड सम्बन्धी छलफल गर्दा थप छलफल आवश्यक देखिएकोले सो विषय आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो।

**निर्णय नं.३**

प्रस्ताव नं. ३ सम्बन्धी छलफल गर्दा राजस्व सम्बन्धी तमसिल बमोजिमको निर्णय गरियो ।

तपसिलः

१. रामधुनी नगरपालिकाको घर नक्सा पासको लागि निवेदन परि राजस्व तिरि वा इजाज़त पत्र लिएका तर निर्माण सम्पन्न अवधि नाघेका निवेदकको हकमा ४ वर्ष पछि घर नक्सा पासको लागि निवेदन परेमा १००% हुने जरिवाना लिई घर नक्सा पास अभिलेखिकरण गर्ने निर्णय गरियो।

२. सार्वजनिक स्थिलमा रहेका तालतलौया तथा सिमसार क्षेत्रमा लगाउनदैं आएको शुल्क तथा दस्तुर नगरपालिका बाट कानुन सम्बत मात्र आन्तरिक राजस्वको रूपमा उठाउन स्थलगत अध्ययन गरि १५ (पद्ध) दिन भित्र प्रतिवेदन पेश गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

**देहायः**

| | |
|---|---|
| १. श्री शिव शंकर राजधामी (वडाध्यक्ष वडा नं. ६ ) | संयोजक |
| २. श्री सोम कुमारी सुनुवार (कार्यपालिका सदस्य) | सदस्य |
| ३. श्री वासुदेव माझी (वडा नं. ७ सदस्य) | सदस्य |
| ४. श्री निराजन ओझा (कानुन अधिकृत) | सदस्य |
| ५. श्री सुमन पौडेल (राजस्व शाखा प्रमुख) | सदस्य |

**निर्णय नं.४(क)**

रामधुनी नगरपालिकाको वडा नं १ को च नं ००५७८ मिति २०८२/०७/२४ गतेको प्राप्त पत्रानुसार रामधुनी नगरपालिका वडा नं १ निवासी श्री मनोज कुमार विश्वकर्माको माग निवेदन बमोजिम

निज निवेदकको मुटु सम्बन्धी उपचार विराट टिचिङ्ग अस्पताल विराटनगरमा भईरहेको हुँदा निजको घरको आर्थिक अवस्था कमजोर रहेकोले आर्थिक सहायता शीर्षकबाट व्यहोर्ने गरी रकम रु २०,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं.४(ख)**

रामधुनी महिला समूहको मिति २०८२/०५/०२ गतेको प्राप्त पत्रानुसार महिलाहरूको महान् चाड हरितालिका तीज विशेष कार्यक्रम महिला समिति वडा नं ४ द्वारा आयोजित उक्त कार्यक्रममा भएको बिल बमोजिमको खर्च आर्थिक सहायता शीर्षकबाट व्यहोर्ने गरी रकम रु १०,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं.४(ग)**

रामधुनी नगरपालिका वडा नं. ७ का पत्र संख्या ५०५, ६१६, ६६६, ६५५ र ६०६ साथै रामधुनी नगरपालिका वडा नं. ६ का पत्र संख्या ६६५,५७६ र ५७७ को पत्रानुसार रामधुनी नगरपालिका वडा नं. ७ स्थायी ठेगाना भएका तपसिलका व्यक्तिहरूको धानवालीमा जङ्गली हात्तीको समूहले क्षति पुऱ्याएको हुँदा सो क्षतिपूर्ति रकम रामधुनी नगरपालिकाको विपद् व्यवस्थापन शिर्षकबाट खर्च हुने गरी तपसिल वमोजिम रकम आर्थिक सहयोग गर्ने निर्णय गरियो।

तपसिलः

**वडा नं. ७ तर्फका**

१. टिकाराम दाहाल लाई रकम रू १०,०००।-

२. भक्तीराम चौधरी लाई रकम रू १०,०००।-

३. विर्ख जित राई लाई रकम रू १०,०००।-

४. निर कुमारी राई लाई रकम रु १०,०००।-

५. कृष्ण राई लाई रकम रु १०,०००।-

**वडा नं. ६ तर्फका**

१. मन माया लिम्बु लाई रकम रू १०,०००।-

बैठक संख्या: ११।२०८२-२०८३
बैठक मिति:२०८२।०७।३० विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

२. बागध्वज लिम्बु लाई रकम रू १०,०००।-

३. राम माया लिम्बु लाई रकम रू १०,०००।-

**निर्णय नं.४(घ)**

रामधुनी न.पा. वडा नं. ३ को च.नं. ००७७८ मिति २०८२।०७।२७ गतेको पत्रानुसार रामधुनी न.पा. वडा नं. ३ स्थित चतरा मुल नहर देखि रामधुनी गेटसम्मको बाटोमा खाल्डा खुल्डी परि मर्मत गर्नु पर्ने भएको हुँदा प्राविधिक लागत अनुमान वमोजिम रामधुनी न.पा. बाट रकम रू १,००,००० सम्मको मर्मत गरि मर्मत संभार शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.४(ङ)**

मिति २०८२/०८/०३ गते रामधुनी मन्दिरमा बाला चतुर्दशीका अवसरमा अतिआवश्यक सेवाबाहेक यस रामधुनी नगरपालिकाका सबै शाखा तथा मातहतका कार्यालयहरूमा स्थानीय विदा दिने निर्णय गरियो।

**निर्णय नं.४(च)**

रामधुनी नगरपालिकाको अन्तर्गतका सबै वडा कार्यालयहरू (१ देखि ९ वटै) मा आवश्यकतानुसार प्राविधिक लागत बमोजिम इलेक्ट्रोनिक्स सामग्रीहरू (प्रिन्टर, ल्यापटप, सि सि क्यामेरा आदि) मर्मत तथा खरिद गर्ने निर्णय गरियो।

**निर्णय नं.४(छ)** [illegible] गर्ने एवं सो [illegible]

रामधुनी मन्दिर परिसर भित्र भगवान श्री राम को ७५ फिट को Fiber को मुर्ती निर्माण कार्यको लागि विज्ञ बाट Specification तयार गराई दर रेट कायम गरि ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं.४(ज)**

रामधुनी न.पा. को आ.व. २०८२।०८३ का लागि जिन्सी शाखा बाट पेश भएको वार्षिक खरिद योजना २०८२ स्विकृत गर्ने निर्णय गरियो ।

बैठक संख्या: ११।२०८२-२०८३
बैठक मिति:२०८२।०७।३० विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.४(झ)**

रामधुनी न.पा. वडा नं. ९ को सितपुर, धुराह र मियाटोलको बाटोमा खाल्डा खुल्डी परि मर्मत गर्नु पर्ने भएको हुँदा प्राविधिक लागत अनुमान बमोजिम रामधुनी न.पा. बाट रकम रू १,००,००० सम्मको मर्मत गरि मर्मत संभार शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.४(य)**

रामधुनी नगरपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत योजना कार्यक्रम तथा खरिद सम्बन्धी भुक्तानीका लागि पेश हुन आएको फाइल यस रामधुनी नगरपालिकामा दर्ता भएको मितिले ३ दिन भित्र सम्बन्धित शाखाबाट सो फाइलको कार्य सम्पन्न गरी लेखा शाखामा पेश गर्नु पर्ने साथै लेखा शाखाद्वारा सो फाइल ३ दिन भित्र भुक्तानी प्रक्रिया सम्पन्न गर्नु पर्ने निर्णय गरियो।

**निर्णय नं.४(ट)**

रामधुनी न.पा. को १० बर्षे नगर शिक्षा योजना निर्माणको मस्यौदा लेखनका लागि श्री घनश्याम चौधरी ज्यूको संयोजकत्वमा तपसिल बमोजिमको कार्यदल निर्माण गर्ने निर्णय गरियो ।

तपसिलः

| | |
|---|---|
| १. श्री घनश्याम चौधरी | संयोजक |
| २. श्री शुशिला ढुङ्गाना | सदस्य |
| ३. श्री रविन्द्र पौडेल | सदस्य |
| ४. श्री शंकर कुमार चौधरी | सदस्य |
| ५. श्री गुणराज ढकाल | सदस्य सचिव |

बैठक संख्या: ११।२०८२-२०८३
बैठक मिति:२०८२।०७।३० विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.४(ठ)**

रामधुनी न.पा. द्वारा निर्माण गर्न पर्ने स्थानीय पाठ्यपुस्तक (कक्षा ४ - ८ को) लेखनका लागि शिक्षा अधिकृत गुणराज ढकालको संयोजकत्वमा तपसिल वमोजिमको कार्यदल निर्माण गर्ने निर्णय गरियो ।

तपसिल:

१. रविन्द्र पौडेल
२. धनिकलाल मेहता
३. शंकर लुईटेल
४. दिनेश कुमार चौधरी
५. दधिराम न्यौपाने
६. चुडामणि घिमिरे
७. हरि रायमाझी
८. लालवहादुर चौधरी
९. रामप्रसाद चौधरी
१०. टीकाराम बस्नेत
११. शिवकुमार राई
१२. भेषराज कटुवाल
१३. अन्जना चौधरी
१४. होमराज पौडेल

बैठक संख्या: ११।२०८२-२०८३
बैठक मिति:२०८२।०७।३० विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.४(ड)**

रामधुनी न.पा. अन्तर्गत संचालित सामुदायिक विद्यालयहरु मर्ज/स्थानान्तरण र शिक्षक दरवन्दी मिलानका लागि आवश्यक अध्ययन गरि सिफारिस गर्नका लागि श्री लेखनाथ वास्तोला ज्यूको संयोजकत्वमा तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिलः

| | |
|---|---|
| १. श्री लेखनाथ बास्तोला | संयोजक |
| २. श्री कमल कार्की | सदस्य |
| ३. श्री सोमकुमारी सुनुवार | सदस्य |
| ४. रामधुनी नगरपालिका | शिक्षक महासंघ प्रतिनिधि |
| ५. श्री गुणराज ढकाल | सदस्य सचिव |

**निर्णय नं.४(ढ)**

दियालो जनकल्याण कल्व रामधुनी ०७ सुनसरी को मिति २०८२।०७।१२ गतेकप पत्रानुसार तेस्रो चौषठ्ठी बिगा च्यालेन्ज कप २०८२ फुटवल खेल संचालनका लागि आर्थिक सहायता शीर्षकवाट व्यहोर्ने गरी रकम रु १,५०,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं.४(ण)**

रामधुनी न.पा. वडा नं. ६ स्थित निर्माणाधिन इलाका प्रहरी कार्यालय जाने बाटो नहर बाट उक्त कार्यालय सम्म प्राविधिक लागत अनुमान बमोजिम मर्मत गरि मर्मत संभार शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.४(त)**

रामधुनि न.पा. को स्वास्थ्य शाखा अन्तर्गत कार्यरत कर्मचारी श्री सुजना गुरूङ को मिति २०८२।०७।१३ गतेको प्राप्त निवेदन साथै स्वास्थ्य शाखाबाट पेश भएको टिपणी बमोजिम निजलाई असाधारण विदा (बेतलबि) एक बर्ष नवढाई विदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.४(थ)**

न्यू रामधुनी फुटबल क्लब रामधुनी -४ सुनसरी लाई फुटबल खेल संचालनका लागि आर्थिक सहायता शीर्षकबाट व्यहोर्ने गरी रकम र ३०,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो।

बैठक संख्या: ११।२०८२-२०८३
बैठक मिति:२०८२।०७।३० विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.४(द)**

ENSSURE परियोजना अन्तर्गत १० महिने कार्यगत अभ्यास सहितको Professional Telecom Technician (Level 2 - 1696 hrs.) OJT सहित तालिम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४(ध)**

रामधुनी न.पा. वडा नं. १ मा रहेको झुम्का बजारमा स्थित हाटवजारमा स्टलमा रहेको सिलाई कटाई सम्वन्धी पसलका संचालक ईधर खा द्वारा पेश भई आएको जरिवाना छुट सम्वन्धी निवेदनमा छलफल गरि २०% छुट दिने र सो छुट सम्वन्धी निर्णय आगामि नगर सभामा पारित गर्ने निर्णय गरियो।